अन्तर्राष्ट्रिय तामाङ परिषद्

# खाडी तथा मध्यपूर्वी प्रथम क्षेत्रीय सम्मेलन

## ओमन घोषणा पत्र-२०१९

तामाङ सभ्यताको उद्गम भूमि नेपालको ताम्सालिङबाट ऐतिहासिक उत्पीडन, विभेद तथा शोषणको कारण रोजगारीको सिलसिलामा खाडी तथा मध्यपूर्वी क्षेत्रको विभिन्न मुलुकमा कार्यरत तामाङ दाजुभाई तथा दिदीबहिनीहरूको समस्यामा हातेमालो गर्ने सामूहिक प्रतिवद्धता ब्यक्त गर्दै,

सन् २००२ मा स्थापित अन्तर्राष्ट्रिय तामाङ परिषद्ले विभिन्न समयमा जारी गरेको घोषणा-पत्र तथा पछिल्लोपटक भारतको पर्यटकिय शहर दार्जिलिङ, मिरिकमा सम्पन्न ऐतिहासिक चौथो सम्मेलनबाट पारित विशेष प्रस्ताव तथा कार्य योजनाको मूलभावनालाई आत्मसात् गर्दै,

तामाङ जीवनलाई समाप्त पार्न दिनप्रतिदिन बढ्दै गईरहेको हिन्दूकरण, खसकरण, पश्चिमाकरण, तिब्बतीकरण र बाह्य संस्कृतिकरणको अतिक्रमण तथा विश्व भूमण्डलीकरणबाट तामाङ जातिको विशिष्ट सँास्कृतिक पहिचान (भाषा, धर्म, संस्कृति, परम्परा) लाई जीवन्त राख्दै तामाङको मौलिक ज्ञान, परम्परालाई बचाउने र भावी पुस्तालाई हस्तान्तरण गर्ने दृढ संकल्प गर्दै,

तामाङ समुदायको एकताको आधार अन्तर्राष्ट्रिय तामाङ परिषद् (ITC) लाई सबैको अन्तर्राष्ट्रिय साझा संगठनको रूपमा विकास गरी खाडी तथा मध्यपूर्वी क्षेत्रको तामाङ संघ/संस्थाहरूलाई समेटेर एकताको माध्यमबाट तामाङ समुदायको सुखदु:खमा क्षेत्रीय समन्वय समितिमार्फत एकआपसमा समन्वय, सहकार्य गर्दै अघि बढ्ने सामूहिक प्रतिवद्धता जनाउँदै,

हामी खाडी तथा मध्यपूर्वी क्षेत्रको २९ नोभेम्वर, २०१९ मा सम्पन्न ऐतिहासिक प्रथम क्षेत्रीय सम्मेलनबाट निम्न बुँदाको ओमन घोषणा पत्र जारी गर्दछौ :-

१. तामाङ समुदायको ऐतिहासिक आदिम भूमि नेपालको ताम्सालिङ क्षेत्रमा तामाङ पहिचान, ऐतिहासिक गौरव र एकताको प्रतिकको रूपमा तामाङ सँास्कृतिक भवन निर्माणको लागि सँास्कृतिक भवन निर्माण अभियान बर्ष - २०२०-२०२२ घोषणा गर्न परिषद्को केन्द्रीय सचिवालयलाई आग्रह गर्दछौ । यो काम सुरू गर्नको लागि यस क्षेत्रबाट १२ लाख रकम तत्काल उपलब्ध गराउने प्रारम्भिक प्रतिवद्धता ब्यक्त गर्दछौ ।

२. खाडी तथा मध्यपूर्वी क्षेत्रका विभिन्न मुलुकहरूमा रोजगारीको सिलसिलामा रहेका तामाङ दाजुभाई तथा दिदीबहिनीमाथि आइपरेका विभिन्न प्रकारको समस्यामा सहयोग पुर्‍याउन क्षेत्रीय स्तरमा एक तामाङ उद्दार तथा विपद् ब्यवस्थापन कोष निर्माण गर्नेछौ । साथै प्रारम्भमा रू. ३,००,०००/- लाख रूपैयाँको कोष निर्माण गरियो ।

३. तामाङ सभ्यताको आदिम भूमि नेपालको ताम्सालिङ क्षेत्रलाई संघीय, लोकतान्त्रिक, गणतन्त्र नेपालमा आत्मनिर्णको अधिकार सहितको ताम्सालिङ प्रदेश निर्माण गर्न नेपाल तामाङ घेदुङ, ताम्सालिङ संघर्ष समिति सहित विभिन्न संघ/संस्थाहरूको पहलमा भएको आन्दोलनलाई दीर्घकालीन रूपमा विकास गर्ने मिरिक सम्मेलनको निर्णयप्रति ऐक्यवद्धता जनाउँदै उक्त आन्दोलनमा सबैखाले साथ, सहयोग, समर्थन उपलब्ध गराउँदै जाने प्रतिवद्धता ब्यक्त गर्दछौ ।

४. खाडी तथा मध्यपूर्वी क्षेत्रको सबै तामाङ संस्थाहरूले तामाङ भाषा, संस्कृतिको संरक्षण/सम्वर्द्धन गर्न चोहोको नेतृत्वमा ताम्बा, लामा र बोन्बो सम्मिलित एक देश – एक सँस्कृतिक संयन्त्र निर्माण गरी परिषद्ले पारित गरेको तामाङ सँस्कृतिक निर्देशिका अनुरूप प्रत्येक बर्ष एक देश – एक तामाङ सँस्कृतिक पुनर्जागरण कार्यक्रम र तामाङ भाषा तथा तामयीग लिपि विकासको कार्यक्रम सञ्चालन गर्नेछौ । आगामी २०२२ सम्ममा कम्तिमा सबै संस्थाका कार्य समिति सदस्यहरूलाई अनिवार्य रूपमा तामयीग लिपि पढ्न, लेख्न सक्ने बनाउनेछौ ।

५. तामाङ समुदायको शैक्षिक अवस्थामा सुधार ल्याउन सबै राष्ट्रिय सदस्य संस्थाहरूले शैक्षिक सहयोग कोषको स्थापना गरी खाडी तथा मध्यपूर्वी क्षेत्रीय समन्वय समितिले छुट्टै कार्यविधि बनाई अन्तर्राष्ट्रिय तामाङ परिषद्सँगको सहकार्यमा ब्यवस्थित रूपमा सञ्चालन गर्नेछौ ।

६. अन्तर्राष्ट्रिय तामाङ परिषद्को यस क्षेत्रको तामाङ संघ-संस्थाहरूबीच संस्थागत रूपमा आपसी समन्वय, सहकार्यलाई आगामी दिनमा मजबुत बनाई सामूहिक ढंगबाट अघि बढ्न परिषद्को विधान-२००२ (दोस्रो संशोधन-२०१८) बमोजिम सम्मेलनले युएई, ओमन, इराक, कतार, कुवेत, बहराईन, साउदी अरबका राष्ट्रिय सदस्य संस्थाहरूको प्रतिनिधित्व रहने गरी ८ सदस्यीय खाडी तथा मध्यपूर्वी क्षेत्रीय समन्वय समिति गठन गरेको घोषणा गर्दछौ ।

अन्तमा, अन्तर्राष्ट्रिय तामाङ परिषद्को खाडी तथा मध्यपूर्वी प्रथम क्षेत्रीय सम्मेलन सम्पन्न गर्न ब्यवस्थापन तथा आतिथ्यता जस्तो महत्वपूर्ण जिम्मेवारी सफलतापूर्वक निर्बाह गर्नुहुने नेपाल तामाङ समाज ओमन परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । थुजेछे ।।

घोषणापत्र जारी गर्ने संस्थाहरू :

१. तामाङ समाज युएई
२. प्रवासी तामाङ समाज कतार
३. नेपाल तामाङ घेदुङ बहराईन
४. नेपाल तामाङ घेदुङ कुवेत
५. नेपाल तामाङ घेदुङ साउदी अरब
६. तामाङ समाज ओमन
७. नेपाल तामाङ घेदुङ कुर्दिस्तान, इराक ।

२९ नोभेम्वर, २०१९

मस्कट, ओमन ।